"महिनाको एकडलर मातृभूमिका लागि"
नेजसअको अभियानमा हामी सहभागी ।

# नेपाली जनसम्पर्क समिति, अमेरिका (नेजसअ)

**Nepali Public Relations Committee, America (NPRCA)**
State Registration Number: 800662446 (May 30, 2006)

NY Chapter's Office, 4507, 40th Street, Sunnyside, New York, NY 11104

P# 718-706-1400
F# 718-706-6446

December 7, 2008

## शुभ कामना सन्देश

सर्वप्रथम स्वतन्त्र, निष्पक्ष र खोजमूलक पत्रकारिता गर्दै एक वर्षसम्म निरन्तर रुपमा आफ्ना पहिलाहरु अगाडि बढाउन सफल भएको यस विद्युतीय सशक्त संचार माध्यमको वार्षिकोत्सव मनाउन पाउँदा हामीलाई अत्यन्तै हर्ष र खुशी लागेको छ ।

बिभिन्न पेशा, व्यवसाय, अध्ययन, अनुसन्धान लगायत विविध कारणले स्वदेशबाट बाहिर रहेका सम्पूर्ण नेपालीहरु नेपालको खबर तथा स्वदेशमै रहेका तमाम नेपालीहरुलाई विदेशको ताजा खबर पुर्‍याउन सदैव कटिबद्ध ढंगले खटिरहने यस प्रकाशनका सम्पादक एवं प्रकाशन परिवारको अथक प्रयासलाई धन्यवाद नदिइ रहन सकिदैन ।

वर्तमान प्रतिस्पर्धात्मक संचार युगमा निश्ष्पक्ष, स्वतन्त्र, भयरहित, सूचनाको भेरिफिकेशन, जनहित सूचना, राजनीतिक दल एवं अन्य कुनै पनि संघसंस्थाको धाक, धम्की, डर त्रासबाट टाढा रही तथ्य एवं सत्य सूचना प्रकाशन र प्रशारण गर्ने केही संचार माध्यमहरु मध्येमा यस माध्यमलाई एक सशक्त माध्यमको रुपमा ग्रहण गर्न पाउनु हामी स्वदेशमा रहेका एवं विदेशमारहेका सम्पूर्ण नेपालीहरुलागि गर्वको विषय हो ।

यो प्रकाशन विद्युतीय (इन्टरनेट) संचार भएका कारण पनि विश्वभरमा रहेका नेपाली एवं इच्छुक जो कोहीले सजिलै हेर्न र जानकारी लिन सक्ने माध्यम भएका कारण समेत स्वदेशी एवं विदेशीहरुबीच सौहार्दता, आपसी सहयोग तथा सद्भाव विकासमा यो प्रकाशनले महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको छ भन्ने कुरा हामीले लागेको छ ।

पत्रकारिताको नाममा केही संचार माध्यमहरुले पित पत्रकारिता गर्ने एवं सत्य र तथ्य नबुझीकन व्यक्तिको चरित्र हत्या गर्ने खालका समाचारहरु समेत प्रकाशन गर्ने गरेको कुरा हामीमाझ छर्लङ्ग छ । तसर्थ, यो प्रकाशनले यस्ता खालका पित पत्रकारितालाई परास्त गर्दै सदैव सत्य तथ्यमा आधारित भई जनहितमुखी समाचार, सूचना एवं सन्देशहरु अविछिन्न रुपले प्रकाशन गर्दै जाने कुरामा हामी विश्वस्त छौं ।

अन्तमा प्रकाशनका आगामी दिनहरु अझै सुनौला बन्दै जाउन् र प्रकाशन राष्ट्र र राष्ट्रियताप्रति वफादार रहँदै सधैव जीवन्त होस् भन्ने शुभकामना दिन चाहन्छु ।

धन्यवाद

सोमनाथ घिमिरे

अध्यक्ष, न्यूयोर्क च्याप्टर